STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ९ गते सोमबार ❑ 21 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## एमसिसी सम्झौता संसद्मा पेस

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

प्रतिनिधिसभाको आजको बैठकमा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' पेस भएको छ।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो सम्झौता पेस गर्नुभयो । प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का सांसदको विरोध तथा सत्ता साझेदार नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), का सांसद्को असहमतिकाबीच सरकारका तर्फबाट सदनमा उक्त सम्झौता पेस भएको हो।

संसद्मा प्रतिनिधित्व गर्ने दलहरूबीच सहमति हुन नसक्दा संसद् सचिवालयमा दर्ता भए पनि सो सम्झौता संसद्मा टेबुल हुनसकेको थिएन । एमसिसी सम्झौतालाई टेबुल गर्न सत्ता साझेदार दलहरू आज मात्रै सहमतिमा पुगेका थिए।

एमसिसी सम्झौता संसद्मा टेबुल गर्न सत्ता गठबन्धनका दलहरूबीच सहमति भएपछि कार्यव्यवस्था समितिको बैठकले त्यसलाई अगाडि बढाउने निर्णय गरेको हो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ माघ २५ गते सो अनुदान सम्झौता अनुमोदनका लागि संसद्मा पेश गर्न स्वीकृति दिएको थियो । तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले एमसिसी सम्झौता संसद्को साधारण बहुमतबाट अनुमोदन गर्न २०७६ असार ३० गते संसद्मा पेश गर्नुभएको थियो।

नेकपा (माओवादी केन्द्र) सहित तीन राजनीतिक दलहरूले सदन अवरुद्ध भइरहेका अवस्था र राजनीतिक दलहरूमा राष्ट्रिय सहमति नभएको अवस्थामा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' संसद्को कार्यसूचीमा अगाडि बढाइएकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्।

प्रतिनिधिसभाको बैठकको सुरुआतमै माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेल र सांसद् डा भीमबहादुर रावलले एमसिसी सम्झौताका कतिपय प्रावधान राष्ट्रिय हितविरुद्ध भएकाले संशोधनबिना संसद्मा टेबुल गर्न नहुने भनी विरोध जनाउनुभयो । प्रमुख सचेतक गुरुङले सदन अवरुद्ध भएको अवस्थामा एमसिसी सम्झौता टेबुल गर्ने विषयमा पार्टीको ध्यानाकर्षण भएको बताउनुभयो । संसद् अवरुद्ध भइरहेको अवस्थामा संसद्मा महत्वपूर्ण विषयमाथि छलफल हुन नसक्ने र एमसिसीका राष्ट्रिय हित विपरीतका प्रावधान संशोधन गरेर मात्र सहमतिका आधारमा अगाडि बढाउनपर्ने आफ्नो पार्टीको धारणा रहेको उहाँले बताउनुभयो। "कार्यव्यवस्था परामर्श समितिमा हामीले अहसमति दर्ता गरेका छौँ, संसद् अवरुद्ध भइरहेको अवस्थामा सदनमा छलफल चलाउन गाह्रो छ, सदन खुलाएर छलफलको वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउँछु", उहाँले भन्नुभयो। नेकपा (एमाले)का नेता एवं सांसद रावलले नेपालको संविधान र कानुनमाथि आघात पर्ने एमसिसी सम्झौताको केही प्रावधानका बारेमा राजनीतिक दलका बीचमा सहमति नभइ यो कसरी टेबुल भयो भनी प्रश्न गर्नुभयो। नेपाल मजदूर किसान पार्टीका सांसद सुवालले एमसिसी सम्झौताका कतिपय प्रावधान नेपालको कानुन विपरीत भएको र नेपालको हितविपरितको सम्झौतालाई संसद्बाट अनुमोदन गरिनु नहुने बताउनुभयो । उहाँले एमसिसी सम्झौताका बारेमा बृहत राजनीतिक सहमति नभएकाले सो सम्झौता अगाडि बढाउन नमिल्ने बताउनुभयो । राष्ट्रिय जनमोर्चाका सांसद् पौडेलले एमसिसी परियोजना राष्ट्रिय हितमा नभएको भन्दै यसलाई खारेज गरिनुपर्ने बताउनुभयो। उहाँले विदेशीको दबाबमा अगाडि बढाउने प्रयत्न भए पनि यसले राष्ट्रिय हित नगर्ने भनी विरोध गर्नुभयो । "एमसिसी कुनै पनि हालतमा टेबुल गर्न मिल्दैन, यसलाई खारेज गर्नुपर्छ", उहाँले भन्नुभयो। प्रतिनिधिसभाको अर्को बैठक यही माघ १२ गते अपराह्न १ बजे बस्नेछ।

## पोखरामा असिनापानी, जनजीवन प्रभावित

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन



पोखरामा आइतबार दिउँसो परेको बाक्लो असिना पानीले जनजीवन प्रभावित भएको छ। सम्भवत हालसम्मकै बाक्लो असिना पर्नाले आइतबार पोखरा क्षेत्रको जनजीवन प्रभावित भएको हो।

पोखराको अति नै व्यस्त बजार महेन्द्रपुल, चिप्लेढुङ्गा, न्यूरोड, नयाँबजार, सभागृहचोक,सृर्जनाचोक,पृथ्वीचोक, पालिखेचोक लगायतका क्षेत्रका सडकमा बाक्लो असिनाका कारण यातायात सञ्चालनमा अबरोध नै भए पछि शसस्त्र प्रहरी, स्थानिय र एक्साभेटरको सहायताले असिना हटाएर यातायात संचालन गरिएको स्थानियले बताए । आइतबार दिउँसो करिब १:०० बजेदेखि पोखरामा हवाहुरीसंगै असिना पानी परेको स्थानिय राम गिरीले बताए। पोखराका सडकहरु असिनाले सेताम्मै भएका थिए भने असिना पानी परेसंगै ह्वात्तै चिसो बढेको छ। वाक्लो असिना परेर सडक नै अबरुद्ध भए पछि एक्साभेटरको सहायताले असिना हटाएर यातायात सहज पार्न जिल्ला ट्राफिक प्रहरी कार्यालयले सक्रिए भएको थियो । एकाएक हावाहुरीसंगै परेको बाक्लो असिना पानीले गर्दा सडक तथा बाटोमा हिड्न विद्यार्थी, कर्मचारी तथा सर्व साधारण जनतालाई केही समय निकै समस्या भएको थियो। आइतबार परेको असिना पानीले करोडौं मुल्य बराबरको हिउदे वाली समेत क्षति पुगेको किसानहअरुले गुनासो गरेका छन् । असिनाका कारण हिउँदे बाली तथा काउली, बन्दा लगायतका तरकारी र कौसी खेतीमा क्षति पुऱ्याएको पोखरा महानगर कृषि विकास महाशाखाका प्रमुख मनहर कडरियाले बताए । यस बर्ष फागुन महिनाको दोश्रो हप्ता सुरु भएकै दिनमा बाक्लो असिना पानीले करोडौंको कृषि वालीमा क्षति पुगेको उनले बताए। उक्त असिनाले तरकारी सहित आलु, फलफूल, तोरी, गहुँलगायत अन्नबालीमा क्षति पुगेको छ।

## गण्डकी प्रदेशबाट आर्थिक सर्वेक्षण सुरु

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले तथ्यमा आधारित तथ्याङ्कको आधारमा विकास निर्माणलाई प्रथामिकता दिनुपर्ने बताउनु भएको छ।

संघिय अर्थ मन्त्रालयले आइतबार पोखरामा आयोजना गरेको आर्थिक सर्वेक्षण २०७८/०७९ को तयारी सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले तथ्यमा आधारित प्राप्त तथ्याङ्कलाई आधार मानेर विकास निर्माणलाई प्रथामिकता दिनुपर्ने बताउनु भएको हो।

कुनै कार्यालयले तथ्याङ्कलाई रहस्यमय बनाउन नहुने बताउदै मन्त्री बरालले आफुहरुसंग भएको तथ्याङ्कलाई सार्वजनीक र बहन गर्नुपर्नेमा जोड दिनु भयो । सामाजिक शंक्रिणताको कारण केहीले तथ्याङ्क बिषय बस्तुलाई रहस्यमय बनाइदिने र सामान्य व्यक्तिहरुले समेत बुझ्न नै नसक्ने, जान्नै नसक्ने अन्यौलमा पार्ने प्रचलन भएको उहाँको भनाई थियो। काठमाण्डौं केन्द्रित राज्य प्रणालीको सोच भएकोले गर्दा हाम्रा लक्ष्य र उद्धेश्य प्राप्तीमा गम्भिर प्रश्न जन्मेको मन्त्री बरालको भनाई थियो।

सिमित श्रोत साधनको अधिकत्तम प्रयोग गर्दै जनताको आवश्यकताहरुलाई समेत प्रथामिकिकरण गर्दै विकास निर्माणमा स्थानिय, प्रदेश र संघिय सरकार बिच समन्वय, सहकार्य र सह–अस्तित्व हुनुपर्ने मन्त्री बरालको भनाई थियो । समाजबादको जग स्थापना हुने गरी सत्य तथा तथ्यमा आधारित तथ्याङ्क संकलन तथा सोही अनुरुप कार्यान्वयन गर्न सबै लाग्नु पर्ने मन्त्री बरालको भनाई थियो । आउँदो चैत २१ गते भित्र आ–आफ्नो कार्यालयबाट आर्थिक सर्वेक्षणको विवरण संकलन अभियानलाई सफल पार्न समयमै तथ्याङ्क उपलब्ध गराउन प्रादेशीक कार्यालयका पदाधिकारीहरुलाई मन्त्री बरालले आग्रह समेत गर्नु भयो।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिब कृष्ण प्रसाद शर्माले देशमा ऋण दाहित्व बढ्दै गएको कृषिमा शेयर घट्दो रुपमा रहेको चालु खर्च बढ्दो रुपमा रहेको दाबी गर्नु भयो। प्रदेशका प्रमुख सचिव रविलाल पन्थले तथ्याङ्कले जीवनस्तर सुधार हुने गरी कार्यक्रम गर्न सहज हुने बताउनु भयो । प्रदेशका प्रमुख सचिब रविलाल पन्थले तथ्याङ्कको उचित प्रयोग गर्न सके पछि परेका व्यक्तिहरुको जीवनस्तर उकास्न सकिने बताउनु भयो । प्रदेशको निती तथा योजना आयोगका उपाध्यक्ष रधुराज काफ्लेले संघिय आर्थिक सर्वेक्षणमा प्रदेशहरुको समेत छुट्टा छुट्टै परिसूचकहरु ल्याउनुपर्ने माग गर्नु भयो। अझै पनि बजार केन्द्रित बसाई सराई नरोकिएकोले ग्रामिण क्षेत्रमा विकास निर्माणमा जोड दिनुपर्ने उहाँको भनाई थियो । आयोगका सदस्य माया तिमिल्सिनाले सर्वोक्षणले समावेसी र लैंगिक विकास तर्फ समेत ध्यान दिनुपर्ने धारण व्यक्त गर्नु भयो। प्रदेशको अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले पहिलो चौमासिकको खर्च गर्ने सिस्टम र अन्तिम चौमासिकको खर्च गर्ने सिस्टम बिच असन्तुलन अझै कायम भएको गुनासो गर्नु भयो । कार्यक्रममा मन्त्रालयका राजश्व सचिव कृष्ण हरी पुस्कर, सहसचिव हिक्मत बहादुर भण्डारी लगायतले वोल्नु भएको थियो।

## एक हजार ३३८ जना संक्रमणमुक्त

रासस
काठमाडौं, ८ फागुन

पछिल्लो २४ घण्टामा एक हजार ३३८ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । योसँगै नेपालमा नौ लाख ५१ हजार ३९४ सङ्क्रमणमुक्त भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल देशभर कोरोना भाइरसको सक्रिय सङ्क्रमितको सङ्ख्या १२ हजार २४४ रहेको छ। जसमध्ये ११ हजार ७५४ सक्रिय सङ्क्रमित होम आइसोलेशनमा छन्। ४९० संस्थागत आइसोलेशनमा छन् । उनीहरूमध्ये १३६ जनाको आइसीयु र १४ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ।

यस अवधिमा थप २६२ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । छ हजार ५७२ पिसीआर परीक्षण गर्दा २२९ जना र तीन हजार २४३ जनाको एन्टिजेन परीक्षण गर्दा ३३ जना गरी २६२ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

## एमसिसी अनुमोदन नेपालको सार्वभौम निर्णय हो : अमेरिका

रासस
काठमाडां, ८ फागुन

संयुक्त राज्य अमेरिकाले ५० करोड डलरको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) अनुदान नेपाल र नेपालीका निम्ति अमेरिकी जनताको उपहार भएको स्पष्ट गर्दै त्यसलाई अनुमोदन गर्नेनगर्ने नेपालको सार्वभौम निर्णय हो भनेको छ।

यहाँस्थित अमेरिकी राजदूतावासले शनिबार राति एक विज्ञप्ति जारी गर्दै अमेरिका र नेपालबीचको साझेदारीको प्रतीक एमसिसीले नेपालमा रोजगारी र विकासका पूर्वाधार निर्माण गर्ने बताएको छ । नेपालको अर्थतन्त्रको विकास गर्दै गरिबी घटाउन परियोजना नेपाल सरकारकै अनुरोधमा तयार गरिएको पनि अमेरिकाले स्पष्ट गरेको छ। "यो वर्ष नेपाल र अमेरिकाबीचको सम्बन्धको ७५ औं वर्ष हो। यी ७५ वर्षमा नेपालले ठूलो परिवर्तन देखेको छ । यी परिवर्तनहरूमा हामी नेपालको साथमा उभिएका छौं । यो देशलाई विकास सहायता, विपद् प्रतिकार्य र पूर्वतयारी सहायता, स्वास्थ्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

# गुणस्तरीय शिक्षाले मात्रै आर्कषण वढाउँछ- सांसद भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

संघीय संसदका सदस्य विद्या भट्टराइले गुणस्तरीय शिक्षाले मात्रै विद्यालयमा विद्यार्थीको आर्कषण वढाउन सकिने वताउनु भएको छ।



पोखरा १६ अर्मलामा रहेको अन्नपुर्ण मा.विको नवनिर्मित चार कोठे पककी भवन, शौचालय र खानेपानीको उद्घाटन पछि आयोजित कार्यक्ममा वोल्दै उहाले सरकारी विदालयमा पछिल्लो समय भौतिक पुर्वाधार निमाृणले तिव्रता पाए पनि शैक्षिक गुणस्तरमा भने अझै कमजोर नै रहेको दावी गर्नुभयो । भुकम्प पछि सासंद विकास कोष मार्फत पनि विदालय पुनृनिर्माणका कामले तिव्रता पाएको वताउदै, शिक्षामा भएको लगानी अनुसार प्रतिफल पाउन नसकिएकोमा गुनासो गनुभयो ।कास्की क्षेत्र नं. २ का सांसद समेत रहेकी भट्टराईले आफुले यस क्षेत्रको विकासका लागी कुनै कसर वाकी नराखेको वताउदै केही महत्वपुर्ण योजना वर्तमान सरकारले काटेकोमा चित्त दुखाउनुभयो । उहाँले छिट्टै अर्मलाकोट आटीघर मौजा सडक निर्माणको काम शुरु हुने समेत वताउनुभयो ।

पोखरा १६ का वडाध्यक्ष जीवन प्रसाद आचार्यले सवैको सामुहिक प्रयासवाट मात्रै शिक्षामा परिवर्तन गर्न सकिने वताउनुभयो ।विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा कार्यान्वयन ईकाइका प्रमुख नारायण सुवेदी, पोखरा महानगर शिक्षा महात्राखा प्रमुख हेम प्रसाद आचार्य, पुर्व वडाध्यक्ष दान व. वानिया, जिल्ला समन्वय समिति कास्कीका सदस्य गुमा अधिकारी गौतम, पुर्व अध्यक्ष कुल प्रसाद भट्टराई, वडा सदस्य राजेश गुरुङ, प्रधानाध्यापक माधव प्र. आचार्यृ, सह प्रधानाध्यापक भीम प्र. सुवेदी लगायतले वोलेका थिए। राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण केन्द्रिय आयोजना, जिलला कार्यान्वयन इकाइ को ६८ लाख ६५ हजारको लागतमा पक्की भवन, १४ लाख ४९ हजारको लागतमा शौचालय, र ७ लाख ४० हजारको आर्थिक सहयोगमा उक्त योजना सम्पन्न भएको विद्यालयले जनाएको छ।



डोजर लगाएर सडकमा भरिएको असिना हटाउँदैः पोखरामा आइतबार परेको असिनाले मुख्य बजार चिप्लेढुङ्गा, महेन्द्रपुललगायतका स्थानमा यातायात आवतजावतमा समस्या भएपछि डोजर लगाएर सडकमा भरिएको असिना हटाउँदै । तस्वीर : रासस

# पोखरामा रेवान भेट्रान्स टेनिस प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा पोखरारंगशालामाआइतबारदेखि रेवान पोखरा भेट्रान्स टेनिस प्रतियोगिता-२०७८ शुरु भएको छ । प्रतियोगिता अन्तर्गत नवप्रवेशी भेट्रान्सतर्फ भिष्मराज पौडेल, रविन गुरुङ्ग, दुर्गा सुनार र राजेश गुरुङ्ग सेमिफाइनलमा प्रवेश गरेका छन् ।



रविन गुरुङ्गले विष्णु थापालाई प्रतिस्पर्धात्मक खेलमा २-६, ७-६ र सुपरटाईमा ११-९ ले पराजित गरे । त्यस्तै दुर्गा सुनारले सुजन तिवारीलाई ६-१, ६-२ ले तथा राजेश गुरुङ्गले निर्मल सिल्पकारलाई ६-०, ६-२ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएका हुन् । भिष्मले वाई पाएर सिधै समिमा प्रवेश पाए । सोमबार हुने सेमिफाइनलमा भिष्मले दुर्गासंग तथा राजेशले रविनसंग प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिता अन्तर्गत सिनियर भेट्रान्सतर्फको खेल मंगलबारदेखिशुरुहुनेप्रतियोगिता संयोजक नविन श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन् ।

# एमसिसि...

र शिक्षा कार्यक्रमहरूसहित अझ धेरै सहयोग गरेका छौं । नेपाली नेताहरूले एमसीसीलाई अनुमोदन गर्ने वा नगर्ने सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक राष्ट्रका रूपमा नेपालले गर्ने निर्णय हो र नेपालको मात्र निर्णय हो," विज्ञप्तिमा भनिएको छ।

"यो ५० करोड डलर एमसिसी अनुदान अमेरिकी जनताको उपहार हो । हाम्रा राष्ट्रहरूबीचको साझेदारीले नेपालमा रोजगारी र पूर्वाधार ल्याउने र नेपालीहरूको जीवनस्तरमा सुधार ल्याउनेछ। यो परियोजना नेपाल सरकार र नेपाली जनताद्वारा अनुरोध गरिएको थियो र पारदर्शी रूपमा गरिबी घटाउन र नेपालको अर्थतन्त्रको विकास गर्न 'डिजाइन' गरिएको थियो," विज्ञप्तिमा उल्लेख छ।

# नेपाली कांग्रेस ६ बैदामको कृष्ण प्रसाद भट्टराई टोल सभापतिमा : इमनाथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

नेपाली कांग्रेस, पोखरा महानगरपालिका वडा नं. ६ स्थित कृष्ण प्रसाद भट्टराइ टोल समितिको सभापतिमा इमनाथ जैसी (देवकोटा) चयन भएका छन् । टोल समितिको शनिबार सम्पन्न दोश्रो अधिवेशनबाट जैसि सर्वसम्मत सभापतिमा चयन भएका हुन् ।



नवनिर्वाचित सभापति जैसिले टोल भित्रका सबै कांग्रेसीहरुलाई गोलवन्द गर्दै अघि बढ्ने प्रतिवद्धता जनाए । उनले अग्रजहरुको् सल्लाह सुझाबलाई आत्मसाथ गर्दै अगाडी बढ्ने स्पष्ट पारे । टोलको उपसभापतिमा सावित्रि तिमिल्सीना र डिकी कार्की सचिवमा राजु बराल, कोषाध्यक्षमा सुवास पहारी र सहसचिवमा राधा कोइराला चयन भएका छन् । यसैगरी टोल समितिको कार्यसमिति सदस्यमा चन्द्र बास्तोला पहारी, संगिता शर्मा पौडेल, शोभा जलारी र अनिल पहारी रहेका छन् ।

बैदाम क्षेत्रमा रहेका हल्लनचोक, गैराको चौतारा, खहरे क्यामपिन चोक र नहर मार्गलाई गोलबद्ध गरि टोललाई कुष्ण प्रसाद भट्टराइ टोल समिति नामाकरण गरिएको सचिब प्रकाश न्यौपाने जानकारी गराए । शनिबार नै इकाई ६ बैदामले प्रजातन्त्र दिवसको अवसरमा दिपप्रज्वन सहित टोलमा रहेका जेष्ठ नागरिक सदस्यहरुलाई दोसला ओढाइ सम्मान गरेको थियो । यो सँग पोखरा ६ मा नेपाली काँग्रेसको टोल कार्यसमितिको संख्या ५ पुगेको छ। एक देखी पाचँ सम्म गठन गरिएको टोललाइ क्रमश विपि कोइराला, गणेशमान सिहं, सुवर्ण शम्सेर, गिरीजा प्रसाद कोइराला र कृष्ण प्रसाद भट्टराई टोल नामाकरण गरिएको इकाई सभापति सन्तोष पौडेलले जानकारी दिए ।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै नेपाली काग्रेस कास्की कार्यसमितिका सभापति किशोर दत्त बरालले ले पार्टीको सबैभन्दा महत्वपूर्ण मेरुदण्ड टोल समिति भएको बताए । उनले कुनै पनि ब्यत्तिले भाषण गर्दैमा र मञ्चमा बस्दैमा नेता नहुने बताउदै, नेता हुन अनुसासन, नैतिकतावान, इमानदार र आचरण ठिक भएको ब्यत्ति मात्र नेता हुने हुदा कार्यकर्ताहरुलाई अनुसासित र इमान्दार हुन जोड दिए । वैशाख ३० हुने स्थानीय तहको निर्वाचनमा केन्द्रित हुन नवगठित टोल कार्यसमितिलाई निर्देशन दिए। कास्की काग्रेसका स.सचिब तथा प्रतिनिधि शंकर ढुङ्गानाले नेपाली काङ्ग्रेसको हालको नितिनै पार्टी मजबुद बनाउने रहेकाकाले संगठनलाई सकृय बनाउने योजना रहेको बताए । आगामि बैशाख ३० गते हुने स्थानिय चुनाब को तयारिको लागि हरेक वडामा सबैले टोल समिति गठन गर्नु पर्ने ,जसले गर्दा तल्लो तहको समिति सम्म कांग्रेसका कामको बिषयमा जानकारी हुने उनको को भनाई थियो ।
नेपाली काङ्ग्रेस पोखरा महानगर पालिका ६ का सभापति सन्तोष पौडेलले आसन्न निर्वाचनलाई दृष्टिगत गर्दै कांग्रेसका सबै तह सक्रिय हुनुपर्ने बताए ।

टोल सभापति गुरुदत्त पहारीको सभा अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश प्रतिनिधि तथा पूर्व सभापति दिपक बिर कुवँर, पूर्व सभापति तथा सल्लाहकार नेत्रपाणी न्यौपाने, प्रदेश प्रतिनिधि प्रभा पौडेल सुवेदी, जनप्रिय क्याम्पस नेवि संघ उपसभापति आदित्य देवकोटा, टोल संयोजक गुरुदत्त कोइराला र रुपनारायण सिग्देल लगाएतका बक्ताहरुले कांग्रेसको विभिन्न तहका समितिहरुले विधान अनुसार विभिन्न विभाग र समितिहरु समयमै गठन गर्न र नियमित बैठक गरेर समयानुकूल निर्णय गर्नुपर्ने खाँचों औल्याएका थिए।

# तनहुँमा एक हजार ६५ नयाँ उद्योग दर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, ८ फागुन**

चालु आर्थिक वर्षको पहिलो छ महिनामा तनहुँमा एक हजार ६५ उद्योग दर्ता भएका छन् । तीमध्ये सबैभन्दा बढी कृषिजन्य उद्योग रहेका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय तनहुँका अनुसार दर्ता भएका उद्योगमध्ये ७२१ कृषिजन्य, ७४ उत्पादनमूलक, १९७ पर्यटनमूलक, १६६ सेवामूलक, चार सूचना तथा प्रविधिमूलक रहेका छन्। कार्यालयमा कृषिजन्य, ऊर्जामूलक, खनिजजन्य, पूर्वाधार, पर्यटनमूलकलगायतका उद्योग दर्ता हुँदै आएका छन् । दर्ता भएकालाई निजी र साझेदारी लघु उद्यम, घरेलु उद्योग र साना उद्योगमा वर्गीकरण गर्ने गरिएको छ । गत आर्थिक वर्षमा जिल्लामा दुई हजार एक उद्योग दर्ता भएका थिए। आर्थिक वर्ष २०७६/७७ मा जिल्लामा तीन हजार ५१५ उद्योग थपिएको थियो ।

कृषि र पशुपालनमा युवाको आकर्षण बढेसँगै कृषिसम्बन्धी उद्योग दर्तामा वृद्धि भएको कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले बताउनुभयो । "कोरोना भाइरस सङ्क्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएका युवाले गाउँमै उद्यम सुरु गरेका छन्", उहाँले भन्नुभयो, "कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन, तरकारी खेतीतर्फ आकर्षण बढ्दो छ।" जिल्लामा दर्ता भएका उद्योगले पाँच हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएका छन् । कार्यालयले सोही अवधिमा रु ३० लाख भन्दा बढी राजस्व सङ्कलन गरेको छ । दर्ता भएका उद्योगबाट रु ३० लाख ४३ हजार राजश्व सङ्कलन भएको कार्यालयले जनाएको छ । रु एक लाखसम्म पुँजी भएको उद्योगले रु एक हजार १ सय, ३ लाखसम्म पुँजी भएको उद्योगले रु तीन हजार १००, रु पाँच लाखसम्म पुँजी भएको उद्योगले रु ६ हजार १००, रु ५० लाखसम्म पुँजी भएको उद्योगले रु १२ हजार १०० , रु एक करोडसम्म पुँजी भएको उद्योगले रु २० हजार १००, रु पाँच करोडसम्म पुँजी भएको उद्योगले रु ३० हजार १०० र रु पाँच करोडभन्दा माथि पुँजी भएको उद्योगले रु ५० हजार ११० दर्ताबापत शुल्क बुझाउनुपर्छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# एमसीसी प्रतिनिधि सभामा पेश

सडकमा धेरै नारा लगाइएको अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन एमसीसी अब संसदको विषय भएको छ । प्रतिनिधि सभा बैठकमा प्रमुख प्रतिपक्षी नेकपा एमालेको विरोध र सत्ता गठबन्धनका केही सांसदहरूको विरोधका बाबजुद पेश भएको छ। सडक र सदनमा विरोध भएको एमसीसी संसदको सम्पत्ति भएको छ। लामो समयदेखि सभामुखले बैठकको कार्यसूचीमा नपारेको एमसीसी अमेरिका र चीनको चासो सार्वजनिक पछि प्रतिनिधि सभा बैठकमा पेश भएको छाविदेशी दबाबपछि सभामुखको अडान परिवर्तन र सत्ता गठबन्धनका नेताहरूको दोहोरो चरित्र छर्लङ्ग भएको छ । सत्ता गठबन्धनमा प्रतिनिधि सभामा एमसीसी पेश गर्न दिने सहमतिपछि सभामुख अग्नी प्रसाद सापकोटाले कार्यसूचिमा राखेका थिए । केपी शर्मा ओलीको सरकार हुँदा छलफलमा ल्याउन नचाहने सभामुखले आफ्ना नेताको द्वैध चरित्र छर्लङ्ग भएपछि प्रतिनिधि सभा बैठकमा छलफलमा ल्याउन तयार हुँदा विगतमा गरेका कामप्रति माफी माग्नुपर्छ । संसद बाहिर चर्का बहस भएको छाराजनीतिक दलका फोरममा पनि छलफल भएका छन।तर संसदको छलफलको विषय नबन्दा जनमत विभाजित बन्न पुगेको छ। एमसीसी पारित गर्नेबारे समयसीमा सीमित भएको कारणले सदनभित्रै छलफलको विषय बनाउनेमा राजनीतिक दलहरू सकारात्मक देखिएका छन ।

सभामुख अग्नी प्रसाद सापकोटाले छलफलमा ल्याउन रोकेको विषय अहिले परिस्थितिमा कुनै फेरबदल नआए पनि दलको विषय हो भन्नू दोहोरो चरित्र हो । सभामुख सापकोटाले एमसीसीको सन्दर्भमा आफू अम्पाएर मात्रै भएको र निर्णायक भूमिका राजनीतिक दलहरूको भएको प्रतिक्रिया दिएर विषयलाई गिजोल्ने काम गरेका हुन। एमसीसी टेबुल गर्न दिने सहमति दिने गठबन्धनका नेताहरूले सडकमा युवा, विद्यार्थी उतारेर नौटंकी देखाएका छन । 'संसदमा विचाराधीन भएर बसेका । नागरिकता विधेयक, नागरिक उडड्यन, हवाई विधेयक, कतिपय विधेकहरू राष्ट्रिय सभाबाट पारित भएका छन् । त्यसलाई प्रतिनिधि सभाबाट पारित गर्न लाग्नुपर्नेछ,' । 'समसामयिक विषयका हरेक विषयमा विहंगम र व्यापक छलफल हुने वातावरण नबनाई एमसीसी टेबुल हुनु विदेशीको सामु झुक्नु हो । सबै दलको साझा धारणा बनाउन नसकेपनि सत्ता गठबन्धनमा छलफल राखेर पहल र प्रयत्न नहुनु कमजोरी हो ।सदनको सबैभन्दा ठूलो दल,प्रमुख प्रतिपक्षी दलले उठाउँदै आएका विषयमा छलफल नहुनु गठबन्धनले जे गरेपनि हुन्छ भन्ने सोच हो ।

अमेरिकासंग सम्झौतामा हस्ताक्षर गरेका तत्कालीन अर्थमन्त्री अहिलेको गठबन्धका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले आइतबार संसदमा एमसीसी अनुमोदनका लागि प्रस्तुत गरेका छन् । 'सम्झौता बमोजिमका आयोजनाहरू निर्धारित मितिभित्रै सम्पन्न गर्न वृहत्तर राजनीतिक सहमति आवश्यक भएकाले सबै नेपालीले राष्ट्रिय गौरवको रूपमा यो आयोजनालाई स्वामित्व लिनसक्ने गरी यस सम्झौतालाई जनप्रतिनिधिहरूबाट संवैधानिक व्यवस्था अनुरूप अनुमोदन हुनु उपयुक्त हुन्छ,' आइतबार संसदमा एमसीसी अनुमोदनसम्बन्धी प्रस्ताव पेश गर्दै अर्थमन्त्री कार्कीले भनेका छन्, 'सबै माननीय सदस्यहरूलाई विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न सहयोग गर्न आग्रह गर्दछु ।' चार वर्ष अघि सम्झौता गर्दाका सहयात्री नै अहिले गठबन्धनमा छन । एमसीसी अनुमोदन गर्ने भनेर पत्राचार पनि गर्ने फेरि सहमति छैन भनेर भद्दा नाटक पनि भएको छ ।

तर सत्ता गठबन्धनमै रहेका कांग्रेसबाहेकका अरु कुनै पनि दलले एमसीसीको पक्षमा खुलेर समर्थन गरेनन् । बरु केही सांसदहरुले विरोधमा नाराबाजी चाहिं गरे । सत्तारुढ दलको नारा संसदमा मात्रै सीमित कहाँ रह्यो र ? सडकमा पनि छताछुल्ल भयो । बानेश्वर क्षेत्र दिनभर तनावग्रस्त देखियो । सत्ताले चलाएको लाठी लागेर सत्तामै रहेका दलका भ्रातृ संगठनका नेताहरु घाइते भए, बानेश्वर वरिपरिको भौतिक संरचना तहसनहस पारियो । एमसीसीलाई लिएर सरकार एकातिर र पार्टी तथा सांसदहरु अर्कातिर भएको यो पहिलो घटना भने होइन । अहिलेका प्रधानमन्त्री देउवाले भोगेको यो नियती तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बारम्बार भोग्नुपरेको थियो । यस्तो अवस्था कहिलेसम्म रहन्छ अहिल्यै भन्न सकिने अवस्था छैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : झमेला बढ्ने | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सत्तरी फार्मलाई अनुदान

**रासस**
**बागलुङ, ८ फागुन**

बागलुङमा माछा र मासुको उत्पादन बढाउनका लागि साना व्यावसायिक फार्म प्रवर्द्धनको कार्यक्रम सुरु गरिएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र बागलुङले साना व्यवसायलाई प्रवर्द्धन गर्न सुरु गरेको हो ।

जिल्लाभर चालु आर्थिक वर्षमा ७० साना व्यावसायिक फार्मका लागि अनुदान स्वीकृत भएको छ । विज्ञकेन्द्रले व्यवसायीहरूबाट आवेदन माग गरेर प्राथमिकताका आधारमा अनुदान दिन थालेको हो । ४९ वटा फार्मका लागि अनुदान दिने गरी आवेदन माग भए पनि २६९ फार्मले आवेदन दर्ता गराएका थिए । तीमध्ये ७० फार्मलाई चालु आवमा ५० प्रतिशत अनुदान सहायता दिन थालिएको विज्ञ केन्द्रका पशु स्वास्थ्य अधिकृत केशव पौडेलले बताउनुभयो ।

स्थानीय कुखुरा २५०, लेयर्स कुखुरा ५०० र ब्रोइलर कुखुरा एक हजार पाल्ने किसानमात्रै यो कार्यक्रममा सहभागी छन् । पन्ध्र माउ बाख्रा, बच्चा उत्पादन गर्ने बङ्गुर भए पाँच र मासुका लागि पालिएका बङ्गुर भए १० पालेका कृषि फार्मले अनुदान सहायता पाउने छन् । छनोटमा परेका फार्मले रु एक लाख ५० हजारका दरले अनुदान सहायता पाउने छन् । विज्ञ केन्द्रले बागलुङ नगरपालिका–११ रायडाँडा, निसीखोला गाउँपालिकाको निसीगाउँ र काठेखोलाको लेखानीमा पशुपक्षी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याउँदैछ । हरेक गाउँका लागि रु आठ लाख अनुदान उपलब्ध गराइने पौडेलले बताउनुभयो । "हामी नियमित तर फरक प्रकृतिका कार्यक्रम लिएर किसानको माझमा पुगेका छौँ", विज्ञ केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले भन्नुभयो, "किसानका मागअनुसार कार्यक्रम पनि हामीले बनाइरहेकै छौँ ।" जिल्लाको काठेखोला गाउँपालिकाको पालामा भैँसी विकास कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

कृत्रिम गर्भाधानलाई प्रोत्साहन गर्दै नश्ल सुधार गरेर उत्पादन बढाउने कार्यक्रमसमेत कार्यान्वयनमा आएको छ । कृत्रिम गर्भाधानबाट जन्मेका पाडी–बाच्छी एक वर्ष हुर्काउने किसानका लागि मागका आधारमा रु १० हजार प्रोत्साहन रकम दिइने कार्यालयले जनाएको छ । वर्षभरि यो कार्यक्रम जारी रहने भएकाले आवेदन लिएर आउन किसानलाई कार्यालयले आग्रह गरेको छ । जिल्लाभर एक हजारभन्दा धैरै साना व्यावसायिक फार्म सञ्चालनमा छन् । स्थापित फार्मको प्रवर्द्धन र नयाँ फार्म स्थापनाका लागि विज्ञ केन्द्रले अनुदानका कार्यक्रम ल्याएको हो ।

# भाडाकै घरमा प्रहरी चौकी

**रासस**
**मनाङ, ८ फागुन**

मनाङका अधिकांश प्रहरी कार्यालय भाडाकै घरमा छन् । जिल्ला प्रहरी कार्यालय मनाङअन्तर्गतका अधिकांश प्रहरी चौकी विगत ३८ वर्षदेखि भाडाकै घरमा सञ्चालन भइरहेका छन् ।

प्रहरी नायब उपरीक्षक सुवास खड्काले जिल्लाका अधिकांश इकाइ संरचनाविहीन रहेको बताउनुभयो । उहाँका अनुसार निजी आवासलाई भाडामा लिएर मनाङको शान्ति सुरक्षामा प्रहरी खटिएका छन् । "जिल्ला प्रहरी कार्यालयको भवन निर्माण भइरहेको छ", उहाँले भन्नुभयो, "कार्यालय भवन निर्माणका लागि लामो समयदेखि आग्रह गर्दै आएको र सोर्हो बमोजिम हाल भवन निर्माण प्रक्रिया अगाडि बढेको छ ।"

सदरमुकाम चामे गाउँपालिका–४ स्थित बजारमा नै प्रहरी कार्यालयको सुविधा सम्पन्न भवन निर्माण भइरहेको उहाँको भनाइ छ । करिब रु १४ करोडको लागतमा जिल्ला प्रहरी कार्यालय मनाङको भवन निर्माण भइरहेको छ । उहाँका अनुसार जिल्ला प्रहरी कार्यालय मातहतका अन्य इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकी पनि भाडाकै घरमा छन् । प्रहरीले नजिक रहेका केही विद्यालयलाई ब्यारेक बनाएर प्रयोग गरिरहेका छन् भने अधिकांश प्रहरी चौकी भाडाका घरमा सञ्चालित छन् । भाडाका घरमा खान, बस्न, छलफल र अन्य कामकाजमा ठूलो समस्या भइरहेको उहाँले बताउनुभयो । निवास, कार्यालयको व्यवस्थापन साँघुरोमा राखिएको छ ।

धारापानीस्थित इलाका प्रहरी कार्यालयको सेवा पनि भाडाकै घरबाट प्रवाह भइरहेको प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो । तालगाउँमा रहेको चौकीको जग्गा व्यक्तिको आवास निर्माण भएकाले भरखरै मात्र कार्यालयको मातहतमा ल्याइएको उहाँको भनाइ छ । मनाङको तालगाउँ, धारापानी, सदरमुकाम चामे, हुम्दे एयरपोर्ट, नार्पाभूमि र च्याखुमा इलाका प्रहरी तथा प्रहरी चौकी रहेका छन् । हुम्दे प्रहरी चौकीको जग्गा एयरपोर्ट विस्तारमा परेपछि ङिस्याङ गाउँपालिकाले चौकी निर्माणका लागि जग्गाको व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

# तनहुँमा बमन थेरापी प्रभावकारी बन्दै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ फागुन**

यहाँस्थित आयुर्वेद स्वास्थ्य केन्द्रमा 'बमन थेरापी' पद्धतिबाट प्रदान गरिने उपचार सेवा प्रभावकारी बन्दै गएको छ । फोक्सो तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका बिरामीलाई सो पद्धतिबाट उपचार गरिन्छ ।

शरीरभित्र कफदोषको मात्रा वृद्धि हुँदै जाँदा फोक्सो र श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्ने र यस्ता बिरामीलाई सो पद्धतिबाट उपचार गरिने केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख डा रामप्रबोध मण्डलले थेरापीबाट शरीरभित्र जमेका कफदोषलाई निकालेर बिरामीलाई सञ्चो बनाइने जानकारी दिनुभयो । सुरुमा जेठीमधु, मह, नुन मिसाएर बनाएको मनतातो पानी बिरामीलाई खाली पेटमा रुचुन्जेल पिउन लगाइन्छ । उहाँले भन्नुभयो, "बिरामीले उक्त पानी पिएको केही समयमै बमन गर्न थाल्छन् र शरीरभित्रका सबै विकार वस्तु बाहिर निकाली सञ्चो बनाइदिन्छ ।" यसरी बमन हुँदा शरीरभित्र रहेका कफदोष निकाली श्वासप्रश्वासमा सहज र शरीर पनि हल्का हुने जनाइएको छ । उक्त विधि हप्तामा एकपटक गराइने छ । उहाँले भन्नुभयो, "श्वासप्रश्वास समस्याका बिरामीका लागि बमन विधि अचूक उपचार बन्ने गरेको छ । यसैगरी नश्याकर्म विधिबाट नाकभित्र रहेका फोहरमैला बाहिर निकाल्ने कार्यको थालनी गरिएको छ । नाकमा षड्विन्दु तेल प्रयोग गरी मसाज गरेर नाकभित्र जमेर रहेका विकार सजिलै बाहिर निकालिने उहाँले बताउनुभयो ।

पछिल्लो समयमा केन्द्रमा विभिन्न किसिमका जटिल प्रकृतिका बिरामीले सहजरूपमा र प्रभावकारी सेवा पाउन थालेपछि आयुर्वेदिक उपचारतर्फ मानिसको आकर्षण बढ्दै गएको छ । आयुर्वेद स्वास्थ्य केन्द्रको आडमै दमौली अस्पताल रहे पनि स्वर बसेका, श्वासप्रश्वाससम्बन्धी समस्या भएका, बाथ, हाडजोर्नी, दम, ग्यास्ट्रिक, प्रसूतिलगायतका सेवा लिन सर्वसाधारणको भीड नै लाग्ने गरेको सो स्वास्थ्य केन्द्रले जनाएको छ । विसं २०७८ पुस मसान्तसम्म विभिन्न रोगका बिरामीले उपचार पाएका छन् । गत साउनदेखि हालसम्म गरी कूल चार हजार २६८ ले स्वास्थ्य सेवा लिएका छन् ।

# अनुदानमा बङ्गुरका पाठापाठी वितरण

**पोखरापत्र संवाददाता**
**वालिङ, ८ फागुन**

स्याङ्जाको गल्याङ नगरपालिकाले एक हजार ७०० बङ्गुरका पाठापाठी वितरण गरेको छ ।

नगरपालिकाको ५० प्रतिशत र किसानको ५० प्रतिशत लागत सहभागितामा कल्लेरी कृषि सहकारी संस्थामार्फत बङ्गुरको पाठापाठी वितरण गरिएको हो । किसानको मागका आधारमा पहिलो चरणमा नगरपालिकाबाट रु ५० लाख रकम विनियोजन गरिएको नगरप्रमुख भूपराज अधिकारीले जानकारी दिनुभयो । "किसानको माग, उत्साह साथै बङ्गुरपालनका दृष्टिले प्रचुर सम्भावना भएकाले व्यावसायिक उत्पादनतर्फ जोड दिनका लागि अनुदानस्वरुप पाठापाठी वितरण गरेका हौं", उहाँले भन्नुभयो, "यस कार्यले बङ्गुरको मासु उत्पादन तथा पाठापाठीमा आत्मनिर्भर बनाउने हाम्रो अभियानलाई पूरा गर्नेछ ।"

यसवर्ष वितरण गरिएको बङ्गुरका पाठापाठीबाट आगामी वर्षमा दश हजार पाठापाठी तथा रु तीन करोड बढीको मासु उत्पादन हुने अपेक्षा नगरपालिकाको रहेको उहाँले बताउनुभयो । "आगामी दुई वर्षमा दुई अर्बको बङ्गुरको मासु र पाठापाठी बिक्रीबाट आर्थिक लाभ लिने गरी अगाडि बढेका छौं", उहाँले भन्नुभयो, "उत्पादित पाठापाठी तथा मासुको बजारीकरणको जिम्मा नगरपालिकाले लिन्छ, ढुक्कसँग बङ्गुरपालन व्यवसायमा लाग्नुहोस् ।" किसानको मागका आधारमा नगरका एघार वटै वडामा बङ्गुरका पाठापाठी वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले बताउनुभयो । बङ्गुरपालनलाई व्यवसायीकरण गर्दै मासु र पाठापाठी उत्पादनमा गल्याङ नगरपालिकालाई आत्मनिर्भर बनाउनका लागि बङ्गुरका पाठापाठीसँगै आवश्यक तालीम तथा प्राविधिक सहयोगसमेत उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो ।

यस अभियानबाट नगरका करिब एक हजार किसान प्रत्यक्ष लाभान्वित हुने दाबी पशु शाखा प्रमुख सुशील अर्यालको छ । बङ्गुरका लागि निःशुल्क बीमा, खोप र जुकाको औषधिको पनि व्यवस्था नगरपालिकाले मिलाउने प्रमुख अर्यालले बताउनुभयो । प्रतिबङ्गुर रु छ हजारका दरले खरिद गरिएको बताइएको छ । यसका लागि किसानले ५० प्रतिशत अनुदान स्वरुप रु तीन हजारमा प्राप्त गरेका हुन् ।

# मेघगर्जन चट्याङसहित हल्का वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, ८ फागुन**

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले अबका एक–दुई दिन देशका पहाडी भू–भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ

उक्त प्रणालीको प्रभावले देशका पहाडी भू–भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू–भागमा मौसम सामान्यतया सफा हुने र देशका पहाडी भू–भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावनाका साथै देशका उच्च पहाडी तथा हिमाली भू–भागका केही स्थानमा हल्का हिमपातको सम्भावनासमेत रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । रातिको समयमा देशको पहाडी भू–भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू–भागमा मौसम सामान्यतया सफा रही देशका पहाडी भू–भागको थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । उच्च पहाडी तथा हिमाली भू–भागका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ । सोमबार देशका पहाडी भू–भागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भू–भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भू–भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

## भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश पोखराको सूचना ।

**प्रकाशित मितिः २०७८/११/०९**

गण्डकी प्रदेश सरकारद्धारा २०७८ माघ २७ गते गण्डकी प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनहरुको भाडादर निम्नानुसार स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भइसकेको सन्दर्भमा समायोजन भएको भाडादर कडाईका साथ लागु हुन अनुरोध गरिन्छ ।

**स्वीकृत भएको भाडादर**

**बस** : रु ३.१० प्रति कि.मि. प्रति यात्रु
**सिटी बस** : पहिलो बिन्दुमा रु. २० (३ कि.मि. सम्म र त्यस पछि रु. २.५० प्रति कि.मि. प्रति यात्रु (यो नियम २० कि.मि. सम्म लागु हुनेछ)
**जिप** : रु. ५.५० प्रति कि.मि. प्रति यात्रु (यो नियम २५० कि.मि. भित्र पक्की बाटो तथा हाइवेमा लागु हुनेछ)
**ट्रक** : रु. ११.७२ प्रति कि.मि. प्रति टन
**ट्याक्सी** : फ्लाग डाउन रु. ८० र प्रति २०० मि. लाई १ पल्स मानी प्रति पल्स थप रु. १० (यो नियम १५ कि.मि. सम्म गण्डकी प्रदेश भित्रका सबै शहरहरुमा लागु हुनेछ) १५ कि.मि. भन्दा माथिको दुरीमा प्रति कि.मि. रु. ३७.५० नबढ्ने गरी लिन पाउने ।

**पुनश्च :–**

- गण्डकी प्रदेश भित्र संचालन हुने सबै ट्याक्सीहरुले २०७८ फाल्गुण मसान्तभित्र बिलिङ्ग सहितको मिटर जडान गरीसक्नु पर्नेछ । २०७८ चैत्र १ गते देखि बिलिङ्ग सहितको मिटर जडान नगरी संचालन गरेको पाइएमा सम्बन्धित ट्याक्सीको दर्ता खारेजगर्ने सम्मको कारबाही गरिने छ ।
- माथि उल्लेखित भाडादर २०७८ फाल्गुण १ गतेदेखि गण्डकी प्रदेश भित्र सञ्चालन हुने सबै प्रकारका सार्वजनिक सवारी साधनहरुमा लागु हुने गरी प्रदेश सरकारबाट स्वीकृत भएको हुँदा सोही बमोजिम लागु नभएको पाइएमा कानुन अनुसार कारबाही हुनेछ ।
- उल्लेखित भाडादर कायम नभएको पाइएमा सवारी नं. खुल्ने गरी जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको परिचालन कक्ष १०३ र ९८५६०८१३९९ तथा जिल्ला ट्राफिक प्रहरी प्रमुखकास्कीको मोबाइल नं. ९८५६०१८३३३ वा मन्त्रालयको फोन नं. ०६१-४६७६५१ मा फोन गरी जानकारी गराउनु हुन अनुरोध गरीन्छ ।

# बाँदर र दुम्सीले हिउँदे बाली नष्ट

**पोखरापत्र संवाददाता**
**पर्वत ८ फागुन**

हिउँदे बालीनाली बाँदर र दुम्सीले सखाप पारेपछि जिल्लाका कृषक चिन्तित बनेका छन् । हिउँदे बालीका रूपमा लगाएका आलु, गहुँ, जौं, फापरलगायत फलफूलसमेत नष्ट गरेपछि उनीहरू समस्यामा परेका हुन् ।

अहिले जिल्लाभर बाँदर र दुम्सीको आतङ्क छ । कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन जाग्राम बस्ने गरेका छन् । दुम्सीबाट जोगाउन चारैतिर बारबेर गरेका किसानले बाँदरबाट भने जोगाउन सकेका छैनन् । यसैगरी बाँदर आतङ्कले किसान हैरानीमा छन् । दिउँसो आउने बाँदर धपाउन गाउँले समूह बनाएर खटिने गरेको भए पनि रातमा आउने दुम्सीको ओखती नभएको गुनासो गरेका छन् । "दिनभर सबै मिलेर बाँदर धपाउँछौँ", फलेबास-३ का तुलसी सापकोटाले भन्नुभयो, "रातिमा दुम्सी कताबाट आउँछ कताबाट । आगो बालेर रातभर बस्दा आउँदैन, रातिमा सधैँ बस्न पनि सकिँदैन ।" बाँदर, दुम्सीलगायत जङ्गली जनावरले दुःख दिन थालेपछि किसान थप समस्यामा परेको बताउँछन् । कुश्मा-१० पिपलटारीका रामबहादुर क्षेत्रीले २५ केजी आलुका बोट बाँदर र दुम्सीले सत्यनास पारेको बताउनुभयो । "बेसाएर दुःख गरेर लगाएको खेती स्याहार्ने बेलामा शत्रु लाग्छ", उहाँले भन्नुभयो, "यस्तो भएपछि खेती लगाउने जाँगर कसरी आओस् ।" आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बनौ, शालिजा, लेखफाँट, क्याङ, भुकताङ्ले, बाँसखर्कलगायत गाउँका आलुमा पनि बाँदर र दुम्सीको मुख्य समस्या रहेको किसानले बताएका छन् । "अहिले आलुमात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका जगत्‌बहादुर खत्रीले भन्नुभयो, "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले उल्टै जिस्क्याउँछ ।" उच्च पहाडी भेगमा पर्ने ती गाउँमा मुख्यबाली आलु हो । मुख्य बाली नै जङ्गली जनावरले सखाप पार्न थालेपछि कृषक पिरलोमा परेका हुन् । कुश्मा र फलेवास नगरपालिकाका अन्य वडामा पनि बाँदर र दुम्सीको आतङ्कले लगाएको आलु स्याहार्न नपाएको किसानको गुनासो छ । गत वर्ष आलुखेतीबाट रु १० करोड भित्र्याएका महाशिला-२ भोक्सिङका किसानले यसपालि बाँदर आतङ्ककै कारण भित्र्याउन नपाएको बताएका छन् ।

भोक्सिङका जीतबहादुर गुरुङका अनुसार असोजदेखि नै हुलका हुल आउन थालेका बाँदर अहिलेसम्म दैनिकजसो आसपासका जङ्गलमै बसेपछि धेरै किसानले आलु नै लगाएनन् । "बाँदरले नछाडेपछि जोगाउन सकिँदैन भनेर धेरैले आलु लगाएनन् ।" किसानले खेती स्याहारेर खानै नसकेको गुनासो गरेपछि केही स्थानीय तहले बाँदर नियन्त्रणका योजना ल्याएका थिए । महाशिला र पैयुँ गाउँपालिकाले आव २०७५/७६ मा सुरु गरेको बाँदर नियन्त्रणको योजना सफल हुन सकेन । महाशिलाले पहिलो वर्ष करिब एक हजार ५०० बाँदर नियन्त्रण गरेको भए पनि चौतर्फी आलोचनापछि स्थगन गरिएको थियो ।

# कतारबाट फर्किनुभएका हेमबहादुरको उखु र मेवा खेती

**रासस**
**तनहुँ ८ फागुन**

कतारबाट फर्किएपछि तनहुँका एक युवकले व्यावसायिक रूपमा उखु र मेवा खेती गरेर राम्रो आम्दानी गर्न थालेका छन् । व्यास नगरपालिका-१ घाँसीकुवा निवासी हेमबहादुर लामा विदेशको रोजगारी छाडेर स्वदेशमै उक्त व्यवसाय गरी आम्दानी लिन थाल्नुभएको हो ।

करिब पाँच वर्ष कतारमा स्टोर किपरको राम्रो जागिर गर्नुभएका उहाँले स्वदेशमै केही गरौँ भन्ने सोचका साथ जागिर छाडेर आई व्यावसायिकरूपले उखु र मेवा खेतीतर्फ लाग्नुभएको हो । व्यास नगरपालिका-११ स्थित गैह्राबारी भन्ने स्थानमा लामा कृषि तथा पशु फार्म दर्ता गरी वार्षिक रु डेढ लाख भाडा बुझाउने गरी बाइस रोपनी जग्गा भाडामा लिएर लामाले उखु र मेवा खेती गर्नुभएको हो ।

करिब १७ रोपनी जमिनमा उखु र पाँच रोपनीमा मेवा खेती गरिएको किसान उहाँले बताउनुभयो । सुरुमा रु नौ लाख लगानी गरी व्यवसाय थालेको बताउनुहुने लामाले उखु गत असोज महिनादेखि र मेवा कात्तिक महिनादेखि उत्पादन लिन थालेको जानकारी दिनुभयो । पाँच महिनाको अवधिमा उखु करिब रु डेढ लाख र मेवा रु ५० हजारभन्दा बढीको बिक्री गरिसकिएको उहाँको भनाइ थियो । चिसोका कारण अहिले बिक्री न्यून रहे पनि गर्मी बढ्न थालेपछि बिक्री राम्रो हुने अपेक्षा छ । उक्त फार्ममा उत्पादन गरिएका उखु र मेवा जिल्लाको आँबुखैरेनी, डुम्रे, दमौली, दुलेगौडा र भिमाद बजारमा बिक्री हुँदै आएको छ । किसान लामाको व्यास नगरपालिका-३ अनशन चौतारीमा लामा फलफूल तथा जुस पसल रहेकाले कतिपय उत्पादित सामान पसलबाट पनि बिक्री हुने गरेकाले व्यापार गर्न सहज भएको छ । सुरुमा दुई हजार बोट काली उखु र तीन सय बोट रेडलेडी नाउँको मेवाको बिरुवा लगाइएकामा अहिले दैनिक राम्रो आम्दानी दिन थालेको बताइएको छ । एक वर्षअघि लगाइएको उखु तीन वर्षसम्म र एकपटक लगाइएको मेवाले दुई वर्षसम्म निरन्तर आम्दानी दिइरहने लामाका बाबु जयबहादुरले जानकारी दिनुभयो । फार्ममा रहेका कामदारलाई काम गर्न सिकाउनाका साथै आफू पनि दैनिक काम खट्ने गरेको उहाँले बताउनुभयो । अहिले दैनिक चार कामदारले रोजगारी पाइरहेका छन् । बाबु जयबहादुरले भन्नुभयो, "फार्मको रेखदेखदेखि काम गर्नेसम्मका जनशक्ति राखिएको छ ।" दुई छोरामध्ये एउटा छोरा होटल र अर्का छोरा फलफूल तथा जुस पसल सञ्चालन गर्दै आएपछि फार्म आफ्नै नेतृत्वमा सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो । उखु प्रतिढकको रु ५० र मेवा प्रतिकिलो रु ८० मा बिक्री गर्ने गरिएको छ । उखु धादिङको नौबिसे र मेवा भारतबाट ल्याएर व्यावसायिक रूपमा खेती गरिएको हो । उक्त रेडलेडी नाउँको मेवाको बीउ एक किलोग्रामको रु एक लाखसम्म मूल्य पर्ने भएकाले महँगो रहेको जयबहादुरको भनाइ थियो ।

उखु जन्डिस रोगका लागि उपयुक्त हुने भएकाले त्यसलाई पेलेर करिब एक सय लिटर खुदो बनाएर राखिएको छ । लामाले भन्नुभयो, "खुदो प्रतिमाना रु ६०० मा बिक्री गर्ने गरिएको छ ।" फार्ममा उखु र मेवाको खेतीका साथै भैँसी कुखुरा र पानीहाँस पाल्ने कार्य पनि अघि बढाएको बताइएको छ ।


## श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था लि.

**(नेपाल लाइभसटक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोगमा संचालित)**
**नमुना दुग्ध प्रशोधन उप-आयोजना**
**(उप-आयोजना संकेत नं. ISAN9)**
**वालिङ-६, स्याङ्जा**

## बोलपत्र आब्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/०८

बोलपत्र नं. १

१. सम्बन्धित आधिकारिक निकायबाट इजजात प्राप्त VAT मा दर्ता भएका र आ.व. २०७७/०७८ सम्म करचुक्ता गरेका आपुर्तिकर्ताहरुबाट दुग्ध प्रशोधन तथा विविधीकरण सम्बन्धी मेशिन उपकरण आपुर्तिका लागि यस नमुना दुग्ध प्रशोधन उप–आयोजनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ ।
२. इन्छुक आपुर्तिकर्ताले यस उप–आयोजना कार्यालयबाट यस सम्बन्धमा थप जानकारी प्राप्त दरभाउ पत्र बोलपत्र सम्बन्धी कागजात हेर्न सक्नेछन् ।
३. बोलपत्रदाताले रु. ३०००।– राजस्व खाता १४२२९ मा जम्मा गरेको भौचर पेश गरी २०७८/१२/१३ गते दिनको १:०० बजेसम्म श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था वालिङ–०६ स्याङ्जा (सम्पर्क नं. ०६३–४४००९२) बाट दरभाउ पत्र खरिद गर्न सक्नेछन् ।
४. बोलपत्र यस उपआयोजना कार्यालयमा मिति २०७८/१२/१३ गते दिनको ४:०० बजेभित्र गराइसक्नु पर्नेछ र ढिलो गरी प्राप्त हुन आएका बोलपत्र स्विकार गरिने छैनन् ।
५. बोलपत्र खोलिएको मितिदेखि गणना गरिने गरी दारभाउपत्रको अवधि ३५ दिनको हुनुपर्ने र साथ रु १९३५००।– बराबरको जमानत पत्र र बोलपत्र खोलिएको मितिदेखि गणना हुने गरी सम्म मान्य रहने गरी बैंक जमानत पत्र संग्लग्न रहनु पर्ने छ ।
६. दर्ता हुन आएका दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस उप–आयोजना कार्यालयमा मिति २०७८/१२/१५ गते दिनका ११ बजे खोलिने छ ।


# श्रद्धेय हजुरबा नन्दलालको सम्झनामा

– नमुना सुवेदी सिग्देल

मानव जीवनमा जन्मपछि मृत्यु अवश्य हुन्छ । जीवन चउरेली पिङको पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि विदा हुनुपर्छ । जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर कसैले भन्न पनि सक्दैन । हरेक मानिसको जीवन हावा फुकेको वेलुन जस्तो हो । वेलुनमा हावा रहिन्जेलसम्म राम्रो हुन्छ तर फुटेपछि अनन्त शुन्यमा बिलिन बन्न पुग्छ । मानीसको मृत्यु पश्चात हरेकमा केही न केही छाप परेको हुन्छ । त्यस्तै मेरो जीवनमा हजुरबा सँग टाँसीएको भावनात्मक सम्बन्ध सदाबार घुमिरहने र नविर्सने छाप रहेको छ । उनै हजुरबा स्याङजा फेदीखोला गाउँ पालिका वडा नं २ मा बुबा स्व. गुररुदत्त सुवेदी र माता खगी सुवेदीका कोखवाट कन्छा छोराको रुपमा वि.सं. १९८३ साल कार्तिक २१ गते स्व. नन्दलाल सुवेदीको जन्म भएको थियो ।



१३ औं दिनको सन्दर्भमा

हजुरबाले वनारस हिन्दु विश्वविद्यालयवाट पूर्व मध्यमा तहको अध्यन गर्नु भएका स्व. नन्दलालको विज्ञता तथा दखलताको क्षेत्र संस्कृत ज्योतिष विद्याले समाजमा ठूलो प्रभाव छाएको छ । हामी अक्सर आमाको मात्रै महिमा गान गर्छौ । कथा कविता र श्लोकहरु पनि आमाकै नाममा धेरै कोरीएका हुन्छन् । आमको वारे यो शब्द कोर्दा बुबाको भूमिका छाँयाँमा पर्ने गर्छ । तर सन्तानका लागि बाबा र आमाको भूमिका बराबर हुन्छ । मेरो जीवनमा क देखी ज्ञ सम्म अध्ययनको लागि जग नै हजुरबाले राख्नु भएको थियो । आफ्ना नाति नातिनालाइ मात्र नभै छरछिमेकीलाइ समेत पढ्न प्रेरित गर्ने हुन नन्दलाल हजुरबा । नयाँ कुर्था, खुट्टामा जुत्ता र कानमा गहना लगाएको सुहाउन पनि धेरै पढ्नु पर्दछ भनेर पहिला पढ बल्ल नक्कल पार भन्ने शब्द आज छोरा छोरी पाएपछि झलझली याद आउँछ । आगो ताप्ने मुडाको कुरा सुन्नु बुढाको भनेको सही लाग्न थाल्यो किन भने छोरीको कोरीबाटीमा धेरै ध्यान पढ्नमा कम हुँदा हजुरबाले भने झै पहिला पढ नानि बल्ल नक्कल पार्नु पर्दछ भन्ने बानी बस्यो । समग्रमा मैले उहाँलाई जहिले पनि एउटा आदर्श हजुरबाको रुपमा सदैव सम्झना रहने छ । हाम्रो परिवारमा मात्र नभै छरछिमेकका लागि पनि असल अभिभावक हुनुहुन्थ्यो । २०७८ माघ २५ गते साँझ म्यासेन्जरवाट १५ मिनेट भिडियो कल नै हजुरबा सँगको अन्तिम सम्बाद भयो । उनै असलरुपी हजुरबालाइ भोलिपल्ट २६ गते एक बजे दिउसो अचानक प्रेसरको कारणले अस्पताल लान नपाउँदै हामीवाट विदा हुनु भयो । जीवनमा लामो समय शिक्षा क्षेत्रमा नै विताउनु भयो । हजुरबाको बहुप्रतिभाको कारण शिक्षा आर्जन ठेक्का पट्टा व्यपार व्यवसाय सामाजिक कार्यमा संम्लग्न हजुरबाले स्याङजा फेदीखोला गाउँ पालिकामा पर्ने स्यान चौर पर्सेभाटी कुविण्डे हुँदै पोखराको नालामुख बजारमा व्यपार व्यवसाय गरेको अनुभव फुर्सद पायो कि हामीलाइ सुनाउनु हुन्थ्यो । फेदीखेला स्थित विभिन्न स्कूलहरु स्थापना गर्ने देखी गरीव जेहेन्दार विद्यार्थीहरुलाइ सहयोग गर्दै आउनु भएको थियो । शिक्षा क्षेत्र सँगै धार्मिक, सामाजिक क्षेत्रमा क्रियासिल रही आँफुलाइ स्मरण गर्न सफल हजुरबाको मार्गदर्शन हाम्रो जीवनको लागि सदैव प्रेणाको स्रोत बनेको छ । काँग्रेस सँग आवद्ध हजुरबा नन्दलाल फेदीखोलामा २०४९ सालको स्थानिय निकायको निर्वाचनमा वडा न ७ मा वडाअध्यक्षको पदमा उमेदवार बन्नु भएको थियो ।

अझ हजुरबा संगको लामो चिनाइले पनि मलाइ जीवनमा धेरै पाठ सिक्ने अवसर मिल्यो । उहाँको प्रत्येक बोलीमा सकारात्मक शव्द र भावना मात्र गाँसिएको थियो । जुन भावना हजुरबासंग गाँसिएको थियो सोही सकारात्मक भावना माइत जाँदा सवै इष्टमित्रको बोलीमा पनि त्यही भाव छ । अन्तमा स्व. हजुरबाको असामयिक निधन भएको पीडादायी क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८३/०७/२१ गते

स्वर्गारोहणः
वि.स. २०७८/१०/२६ गते

**स्व. नन्दलाल सुवेदी**

हाम्रा प्रात स्मरणीय आदरणीय बुढासम्धी/हजुरबुबा/जिजु हजुरबुबा **नन्दलाल सुवेदी** को ९६ वर्षको उमेरमा ब्रह्मलिन हुनु भएकोमा हामी अतिनै दुखित भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद घडीमा शोकसन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति भगवानले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

कृष्ण प्रसाद सिग्देल
शान्तिदेबी सिग्देल

अनन्त सिग्देल
इन्दिरा सिग्देल
अग्रिम सिग्देल
श्रीजु सिग्देल

किरण सिग्देल
नमुना सिग्देल
कृतज्ञ सिग्देल
कृशला सिग्देल

पोखरा-१३, कुँडहर